# पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति नियमावली, २०७४

पाँचपोखरी संरक्षण क्षेत्रको संरक्षण, मर्मत सम्भार, सुरक्षा र विकास गर्न तथा सर्वसाधारण जनताको सदाचार, धार्मिक, सास्कृतिक महत्वका क्रियाकलाप सम्बन्धी सुविधा कायम राख्न पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९ (३) को अधिनमा रही पाँचपोखरी संरक्षण क्षेत्र विकास समितिको व्यवस्था गर्न गाउँकार्यपालिकाले मिति २०७४/१२/२५ मा यो **“पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति नियमावली, २०७४”** बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस नियमावलीको नाम **“पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति नियमावली, २०७४”** रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

२.१.१ **“पाँचपोखरी संरक्षण क्षेत्र”** भन्नाले पाँचपोखरी संरक्षण क्षेत्रको संरक्षण, मर्मत सम्भार, सुरक्षा र विकासको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले समय समयमा नेपाल राजपत्र तथा अन्य आधिकारीक सूचनामा प्रकाशित गरी तोकिएका सिमाना भित्रको संरक्षण क्षेत्र सम्झनु पर्छ ।

२.१.२ **"समिति"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति सम्झनु पर्छ ।

२.१.३ **"गाउँपालिका"** भन्नाले पाँचपोखरी थाङ्गपाल गाउँपालिका सम्झनु पर्छ ।

२.१.४ **"संरक्षक"** भन्नाले समितिको संरक्षक सम्झनु पर्छ ।

२.१.५ **"सह संरक्षक"**भन्नाले समितिको सह संरक्षक सम्झनु पर्छ ।

२.१.६ **"अध्यक्ष"** भन्नाले समितिका अध्यक्ष सम्झनु पर्छ ।

२.१.७ **"समिति"** भन्नाले समिति अध्यक्ष निमित्त दफा ८ बमोजिम गठन भएको पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति सम्झनु पर्छ ।

२.१.८ **"उपाध्यक्ष"** भन्नाले समितिका उपाध्यक्ष सम्झनु पर्छ ।

२.१.९ **कोषाध्यक्ष** भन्नाले समितिका **कोषाध्यक्ष** सम्झनु पर्छ ।

२.१.१० **"सदस्य सचिब"** भन्नाले संरक्षण क्षेत्र विकास समितिको सदस्य सचिब सम्झनु पर्छ ।

२.१.११ **"सदस्य"** भन्नाले संरक्षण क्षेत्र विकास समितिका सदस्य बुझ्नु पर्छ ।

२.१.१२ **"चन्दा"** भन्नाले समितिलाई सहयोग स्वरुप दाताले प्रदान गर्ने नगद, जिन्सी र चल अचल सम्पति समेत सम्झनु पर्छ ।

२.१.१३ **"तोकिएको" वा तोकिए बमोजिम"** भन्नाले यस नियमावली अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## ३. समितिको गठन :

३.१ पाँचपोखरी संरक्षण क्षेत्रको विकासको लागि **पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति-२०७४** नामको एक समिति स्थापना हुनेछ ।

३.२ समितिको कार्यालय पाँचपोखरी थाङ्पाल गा.पा. वडा नं. ३, भोताङमा हुनेछ ।

४. **संरक्षक** : गाउँपालिकाको अध्यक्ष समितिको संरक्षक हुनेछ ।

५. **सह संरक्षक :** गाउँपालिका भित्रको सम्बन्धित वडाको वडा अध्यक्ष सह संरक्षक हुनेछ ।

## ६. समितिको उद्देश्य :

६.१ समितिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

६.१.१ पाँचपोखरी संरक्षण क्षेत्र धार्मिक, पुजाआजा उपासना, ध्यान तथा तपो केन्द्रको रुपमा रही आएकोले यस क्षेत्रलाई सोही बमोजिम कार्य गर्ने ।

६.१.२ पाँचपोखरीको आदर्श गरिमा एवं महत्व अनुरुप पाँचपोखरी संरक्षण क्षेत्रको योजनाबद्ध रुपमा सुरक्षा, सम्भार तथा विकास गर्ने ।

६.१.३ पाँचपोखरी संरक्षण क्षेत्रको प्राचीन, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा राष्ट्रिय महत्वका वस्तु वा स्थलहरु पाँचपोखरी को चल अचल श्रीसम्पत्ति तथा प्राकृतिक सम्पदाको सम्भार, संरक्षण तथा सम्बर्द्धन गर्ने ।

६.१.४ पाँचपोखरी संरक्षण क्षेत्रभित्र रहेका प्राचिन महत्वका गुम्बा, माने, मन्दीर तथा देउरालीहरुमा परम्परागत धार्मिक रीतिस्थिति बमोजिम साँस्कृतिक चाडपर्व तथा सामाजिक र लोककल्याणकारी कार्य, पूजाआजा सञ्चालनको व्यवस्था मिलाउने ।

६.१.५ स्वदेशी तथा विदेशी पर्यटक समेतको सुविधाको लागि यस पवित्र तीर्थस्थललाई यथोचित रुपमा योजनाबद्ध रुपले सुधार गरी स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तीर्थस्थलको रुपमा विकास गर्ने ।

६.१.६ पाँचपोखरी क्षेत्रभित्र भविश्यमा निर्माण गरिने निजी साझेदारी कम्पनीहरुलाई गाउँपालिकाको नीति अनुसार सहयोग गरिने छ ।

६.१.७ पाँचपोखरी क्षेत्रभित्र हुने ताल संरक्षण, भौतिक संरचना संरक्षण लगाएत अन्य कार्यहरु गर्दा डि.पि.आर बमोजिम गर्ने गराउने ।

६.१.८ पाँचपोखरी क्षेत्रभित्र संचालित व्यवसायहरुलाई गाउँपालिकाको नीति अनुरुप करको दायरामा व्यवस्थित गर्ने ।

६.१.९ यस नियमावली बमोजिमको उद्देश्य अनुरुप अन्य कार्यहरु सुव्यवस्थित रुपले गर्ने ।

**७. समितिको अध्यक्ष : समितिको अध्यक्ष गाउँपालिकाले मनोनय गर्नेछ ।**

**८. पाँचपोखरी संरक्षण क्षेत्र विकास सञ्चालक समितिको गठन :**

८.१ समितिको सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्नका लागी गाउँपालिकाको कार्यपालिकाले मनोनित गरेको अध्यक्ष सहित ९ जना पदाधिकारीहरु रहने गरी एक पाँचपोखरी संरक्षण क्षेत्र विकास समिति गठन गरिनेछ ।

८.२. उपदफा ८.१ अनुसार देहाय बमोजिम समिति गठन हुनेछ :-

८.२.१ अध्यक्ष गाउँकार्यपालिकाले तोकेको व्यक्ती १ (एक जना)

८.२.२ उपाध्यक्ष (गाउँपालिकाको कार्यापालिकाले मनोनित गर्ने) १ (एक जना)

८.२.३ कोषाध्यक्ष (गाउँपालिकाको कार्यपालिकाले मनोनित गर्ने) १ (एक जना)

८.२.४ सदस्यहरु (गाउँपालिकाको कार्यापालिकाले मनोनित गर्ने)५ (चार जना)

८.२.५ सदस्य सचिव (कार्यपालकाले तोकेको १(एक जना)

८.३ गाउँ कार्यपालिकाबाट समितिका सदस्यहरुमा आवश्यक हेरफेर हुन सक्नेछ । यसरी हेरफेर भएको सूचना

गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटीमा प्रकाशित गर्नु पर्नेछ ।

८.४ सदस्यहरु मनोनित गर्दा कम्तीमा १ जना महिला सहित, ५ जना सदस्य पाँचपोखरी संरक्षण क्षेत्रभित्र स्थायी बसोबास गरेका समाजसेवीहरु मध्येबाट गरिनेछ ।

८.५ मनोनित सदस्यहरुको पदावधि मनोनयन भएको मितिले ५ बर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुन एक पटकको लागि मनोनित हुन सक्नेछन् ।

## ९. समितिको काम, कर्तव्य र अधिकार :

९.१ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

९.१.१ यो नियमावली बमोजिम समितिको उद्देश्य पूरा गर्नका लागि प्रयत्नशील रहने ।

९.१.२ गाउँपालिका अध्यक्षबाट समय-समयमा हुने मार्ग दर्शनको पालन गर्ने, गराउने ।

९.१.३ पाँचपोखरी संरक्षण क्षेत्र गुरुयोजना र वार्षिक योजना तथा तद्नुरुपका कार्यक्रमहरु स्वीकृत गरी कार्यान्वयन गराउने ।

९.१.४ पाँचपोखरी संरक्षण क्षेत्रभित्र रहेका, मन्दीर, गुम्बाहरुमा पूजा–आजा, पर्व, उत्सव लगायतका परम्परादेखि चलिआएका सबै किसिमका धार्मिक कार्यहरु र सो

संरक्षण क्षेत्रमा परम्परागत रीतिस्थितिका अन्य कार्यहरु सञ्चालनको व्यवस्था गर्ने, गराउने ।

९.१.५ पाँचपोखरी संरक्षण क्षेत्रको विकास तथा धार्मिक रीतिस्थिति बमोजिम कार्य सञ्चालन गर्ने सम्बन्धमा समय-समयमा अध्ययन, अनुसन्धान, कार्यशाला, गोष्ठी आदिको आयोजना गर्ने गराउने ।

९.१.६ पाँचपोखरी संरक्षण क्षेत्रभित्र रहेका धर्मिका, संस्कृतिक तथा सामाजिक महत्वका मन्दीर, गुम्बा, चैत्य, विहार, छुर्तेन, तथा अन्य प्राचिन भवनहरुको संरक्षणको व्यवस्था मिलाउने ।

९.१.७ पाँचपोखरी संरक्षण क्षेत्रभित्रको मन्दीर, गुम्बा, चैत्य, विहार, छुर्तेन, तथा अन्य प्राचीन भवनहरुसँग सम्बन्धित सबै किसिमका पाँचपोखरी संरक्षण क्षेत्रभित्र वा बाहिर रहेका ऐलानी र पर्ति जग्गाको संरक्षण क्षेत्रफल समेत खुलाई लगत तयार गर्ने ।

९.१.८ योजना र कार्यक्रमहरु कार्यान्वयन गर्न चाहिने वित्तिय साधनको आवश्यक व्यवस्था गर्ने,

९.१.९ समितिको उद्देश्य परिपूर्तिका लागि गाउँपालिका क्षेत्र भित्रका नागरिकहरु मध्येबाट आवश्यकता अनुसार विभिन्न समिति तथा उपसमितिहरु गठन गर्ने ।

९.१.१० उपदफा ९.१.९ बमोजिम गठित विभिन्न समिति तथा उपसमितिहरुको निमित्त नीति निर्धारण गरी आवश्यक मार्गदर्शन वा निर्देशन दिने तथा तिनीहरुको कामको समीक्षा र मूल्याङ्कन गर्ने ।

९.१.११ पाँचपोखरी संरक्षण क्षेत्रको योजना र पाँचपोखरी संरक्षण क्षेत्रभित्रको कुनै स्थान विशेषको महत्व, मान्यता र सम्वेदनशीलतालाई ध्यानमा राखी त्यस्ता स्थानहरुमा गर्न नहुने कार्यहरु तोकी गाउँपालिकाको अनुमतिमा निषेध र नियन्त्रण गर्ने ।

९.१.१२ यस नियमावली बमोजिम समितिको उद्देश्य परिपूर्तिका लागि गर्नुपर्ने कार्यहरु सम्बन्धित निकाय र व्यक्तिहरुबाट यथाशीघ्र कार्यान्वयन गर्न लगाउने ।

९.१.१३ योजना र कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय इकाई तथा जनताको सहभागिता जुटाई समितिले गरेको बार्षिक आय व्यय सार्बजनिकिरण गर्ने गराउने ।

९.१.१४ पाँचपोखरी संरक्षण क्षेत्रको योजनाबद्ध रुपमा विकास गर्दा सुव्यवस्थित रुपले निर्माण, मर्मत, संभार र सरसफाई गरी स्वस्थ वातावरण कायम गर्ने ।

९.१.१५ खानेपानी, पानी निकास, विजुली, टेलिफोन सडक आदि जस्ता अन्य आभारभूत

सार्वजनिक उपयोगिताका साधनहरु सुव्यवस्थित गर्ने र फोहर मैला हुन नपाउने गरी स्वच्छता कायम गर्न नियमित एवं प्रभावकारी कार्यविधि अपनाउने ।

९.१.१६ पाँचपोखरी संरक्षण क्षेत्रमा वृक्षारोपण, वन, बगैँचा, उद्यान, वन्य जीवजन्तु तथा वन सम्पदा आदि समेतको उचित व्यवस्था गर्ने ।

९.१.१७ पाँचपोखरी संरक्षण क्षेत्रको प्राकृतिक तथा वातावरणीय स्रोतको सुव्यवस्थित रुपमा संरक्षण र सम्वर्द्धन गर्ने ।

९.१.१८ पाँचपोखरी संरक्षण क्षेत्रमा प्रदूषण हुन नदिई स्वच्छ वातावरण कायम गर्न आवश्यक मापदण्ड बनाई गाउँपालिकाबाट स्वीकृति प्राप्त गरी लागू गर्ने ।

९.१.१९ पाँचपोखरी संरक्षण क्षेत्रलाई पर्यटकिय स्थल रुपमा विकास गर्न र सदुपयोगका लागि व्यापक जनचेतना ल्याउन उपयुक्त माध्यमबाट प्रचार-प्रसार गर्ने र जनसहभागिता परिचालन गर्ने ।

९.१.२० पाँचपोखरी संरक्षण क्षेत्रमा गरिने निर्माणमा गाउँपालिकाद्धरा तोकिएको सम्बन्धमा आवश्यक मापदण्ड र प्रचलित कानुन बमोजिम हुनेछ ।

९.१.२१ पाँचपोखरी संरक्षण क्षेत्रभित्रका धार्मिक स्थलमा चढाइएको दान, भेटी, उपहार तथा

नियमित र विशेष पूजाको हिसाब तोकिए बमोजिम पारदर्शी बनाउने

९.१.२२ समितिको आम्दानी मध्य केही हिस्सा तोकिए बमोजिम आवश्यक मापदण्ड बनाई वातावरण संरक्षणमा लगाउने ।

९.१.२३ समितिले संरक्षण क्षेत्रभित्र हुने रु ५० लाख सम्मका भौतिक पुर्वाधारका कामकाजहरु आफैले गर्न सक्नेछ । तर समितिले आवश्यक ठानेमा उपभोक्ता समिति गठन गरी कार्य गराउन सक्नेछ तथा उक्त कार्यहरु गाउँपालिकाले तोकेका मापदण्ड पुरा गराउनु पर्नेछ । अन्य प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

## १०. समितिको बैठक :

१०.१ अध्यक्ष वा समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिको निर्देशन अनुसार समितिको सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

१०.२ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको वार्षिक कार्यक्रम, बजेट र चौमासिक प्रगति समीक्षा बारे छलफल हुने, समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नु पर्नेछ ।

१०.३ समितिको बैठक साधारणतय दुई महिनामा १ पटक बस्नेछ । तर अध्यक्षबाट निर्देशन भएमा जतिसुकै पटक पनि बस्न सक्नेछ । र सबै अभिलेख सुरक्षित राख्नेछ ।

१०.४ सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका राख्नेछ ।

१०.५ बैठक सम्बन्धी आवश्यक अन्य कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. कर्मचारीको व्यवस्था :**

११.१ समितिको सदस्य-सचिवले समितिको प्रशासन सम्बन्धी सम्पुर्ण काम गर्नेछ ।

११.२ समितिले आवश्यकता अनुसार कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

११.३ समितिको पदाधिकारीहरु र अन्य कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा समितिको आफ्नो स्रोतका आधारमा निर्णय गरे बमोजिम हुनेछ ।

**१२. कार्य सञ्चालन विधि :** समितिको आन्तरिक कार्य सञ्चालन विधि समितिको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

**१३. गाउँपालिकाको संरक्षणमा रहने :**

१३.१ पाँचपोखरी संरक्षण क्षेत्रभित्रका वन, जंगल र पर्ति जग्गाहरु संघिय र प्रादेशिक कानुन बमोजिम गाउँपालिकाले संरक्षण गर्ने ।

**१४. समितिले कुनै संरचना निर्माण गर्दा गाउँ पालिकाले तोकेको मापदण्ड अनुसार अनुमति लिएर निर्माण गर्नु पर्नेछ ।**

**१५. पाँचपोखरीको रेखदेख सम्बन्धी व्यवस्था :**

१५.१ पाँचपोखरी संरक्षण क्षेत्रको रेखदेख गर्ने कर्तव्य समितिको हुनेछ र पाँचपोखरीमा विभिन्न पूजाआजा चलाउने कर्तव्य परम्परागत रुपमा चल्दै आएको मूल लामा गुरुको हुनेछ ।

१५.२ पाँचपोखरीका मूल लामा गुरुको मातहतमा रहेका सबै जिम्मेवारी कार्यहरु समिति अन्तर्गत रहनेछ र त्यसको सञ्चालन, असूल, सम्पतीको रेखदेख नियन्त्रण तथा व्यक्ति विशेषबाट मन्दीर, गुम्बा, चैत्य, गरिने पूजाआजा र सो वापत प्राप्त हुने भेटी, दस्तुर तथा पाँचपोखरी संरक्षण क्षेत्रभित्र गरिने विभिन्न पुजा आजा जस्ता कार्य कार्यको लागि हुने खर्च तथाआम्दानी सम्बन्धी व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।

**१६. समितिको खाता :**

१६.१ समितिले कोषका निमित्त नेपालभित्र वा बाहिर कुनै पनि क्षेत्र संस्था वा व्यक्तिबाट प्रचलित कानुन अनुसार नगदी तथा जिन्सी सहयोग उपलब्ध गर्ने वा गराउन सक्नेछ । यसरी प्राप्त स्रोत जम्मा तथा परिचालनका लागी गाउँपालिकाले तोकेको बैठकमा खाता खाल्नु पर्नेछ ।

१६.२ समितिमा देहायका रकमहरु रहने छन् :-

१६.३.१ केद्रिय, प्रदेश तथा स्थानिय सरकारले पाँचपोखरी संरक्षण क्षेत्रको विकासका निमित्त प्रचलित नियमानुसार प्रदान गरेको रकम ।

१६.३.२ राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्था वा व्यक्तिहरुले समितिको नाममा प्रदान गरेको सहयोग रकम ।

१६.३.३ पाँचपोखरी संरक्षण क्षेत्रसँग सम्बन्धित सबै प्रकारका जग्गाको आयस्ताबाट प्राप्त हुने रकम ।

१६.३.४ समितिको अन्य आयस्ता र लगानी गरी आर्जन गरेको रकम ।

१६.३.५ समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त हुन आएको शुल्क वा रकम ।

१६.३.६ यस समितिको खाता संचालन समितिका अध्यक्ष, सचिब र कोषाध्यक्षको संयुक्त रुपमा हुनेछ । तर यस सम्बन्धी थप व्यवस्था समितिले निर्माण गरेको विनियममा उल्लेख भए बमोजिम सन्चालन गर्न बाधा पर्ने छैन ।

१७. **सम्झौता गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने** : समितिले आफ्नो कार्य सञ्चालनको सिलसिलामा कुनै स्वदेशी वा विदेशी संस्था वा दातृ निकायसँग सम्झौता गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

१८. **लेखा र लेखापरीक्षण :**

१८.१ समितिले निर्धारण गरे बमोजिम समितिको आय-व्ययको लेखा राखिनेछ ।

१८.२ समितिको लेखापरीक्षण सम्बन्धीत गाउँपालिकाको सूचिकृत दर्तावाल लेखापरिक्षकबाट हुनेछ ।

१८.३ गाउँपालिकाले समितिको हिसाब किताब सम्बन्धी कागजात र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्ने छ । साथै समितिले आफ्नो बार्षिक आय व्ययको प्रगती प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

## १९. अधिकार प्रत्यायोजन :

समितिको पदाधिकारीले नियमानुसार अन्य सदस्यहरुलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## २०. गाउँपालिकाको सहमति लिनुपर्ने :

कुनै गैर सरकारी सस्था वा दातृ निकायले प्रचलित कानुन बमोजिम आफूलाई प्राप्त अधिकार पाँचपोखरी संरक्षण क्षेत्रभित्र प्रयोग गर्नुअघि गाउँ पालिकाको पुर्व सहमति लिनु पर्नेछ । त्यसरी गाउँपालिका को पूर्व सहमति नलिई पाँचपोखरी संरक्षण क्षेत्रभित्र कुनै काम कारबाही गरेमा त्यस्तो काम कारवाही स्वत बदर हुनेछ ।

## २०. विनियम बनाउने अधिकार :

२०.१ यस नियमावलीको उद्देश्य पूर्तिका लागि समितिले गाउँपालिकाबाट पुर्व स्विकृति लिई देहायका विषयमा विनियमहरु बनाउन सक्नेछ र यसरी बनाएको विनियम गाउँपालिकामा जानकारीका लागि पठाउनु पर्नेछ ।

क) समितिले गर्नु पर्ने प्रशासनिक कामको सम्बन्धमा ।

ख) समितिले गर्नुपर्ने आर्थिक कामको सम्बन्धमा ।

ग) समितिका पदाधिकारी एवं कर्मचारीको पारिश्रमिक, सुविधा र सेवाको शर्त सम्बन्धमा ।

घ) पाँचपोखरी को परम्परागत धार्मिक रीतिस्थिति बमोजिम पूजाआजा सञ्चालन गर्ने सम्बन्धमा ।

ङ) पाँचपोखरी संरक्षण क्षेत्रभित्रको विकास निर्माण कार्यको सम्बन्धमा ।

च) पाँचपोखरी संरक्षण क्षेत्रभित्रका स्रोत साधनको आयस्ताको सम्बन्धमा ।

छ) अन्य तोकिएको आवश्यक विषयमा ।

**२१. आचार संहिता बनाई लागू गर्ने :**

२.१ समितिले पाँचपोखरी को पूजाआजामा संलग्न हुने लामा गुरु लगायत सबै कामदारहरुको आचारसंहिता तयार गर्नुपर्नेछ र त्यस्तो आचारसंहिता गाउँपालिकको स्वीकृति भए पछि लागू हुनेछ ।

**२२. गाउँपालिकासँग सम्पर्क :** समितिले गाउँपालिका सँग सर्म्पक राख्दा गाउँपालिकाको सामाजिक विकास शाखा मार्फत राख्नेछ ।

**२३. सेवा सुविधा :**

२३.१ गाउँपालिकालाई कुनै प्रकारको व्ययभार नपर्ने गरी समितिले आफै आर्जन गरेको, जुटाएको वा निर्माण गरेको आर्थिक स्रोतबाट समितिको विनियममा उल्लेख भए अनुसार पदाधिकारी तथा कर्मचारीको सेवा सुविधा

र कार्यालय संचालन सम्बन्धी खर्च व्यवस्थापन गर्न सक्नेछ ।

**२५. समितिका पदाधिकारीहरुको काम कर्तव्य, अधिकार र खाता संचालन सम्बन्धी व्यवस्था :**

२५.१ यस समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार यस नियमावलीको अधिनमा रही समिति बनाउने विनयममा तोके बमोजिम हुनेछ ।

२५.२ समितिको कोषको खाता संचालन सम्बन्धी व्यवस्था समितिको विनियममा व्यवस्था भए बमोजिम हुनेछ ।

**२६. बचाउ तथा बाधा अड्काउ फुकाउने अधिकार :**

२६.१ यस नियमावलीमा जुन सुकै कुरा लेखिएको भएता पनी नेपालको संविधान, संघ, प्रादेशिक तथा स्थानीय कानुनसँग बाझिएको हदसम्म स्वत निष्कृय हुनेछ ।

२६.२ यो नियमावली कार्यन्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन गाउँकार्यपालिकाले आवश्यक सम्झेको आदेश जारी गर्न सक्नेछ ।

**२७. लोगो र छाप :** समितिले नेपाल सरकारको लोगो र आफ्नो नामको छाप प्रयोग गर्न पाउनेछ ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत